विषय: बाली बीमा सम्बन्धी बैठक

अध्यक्षता: श्रीमान् महानिर्देशक ज्यू

मिति: २०७५।१०।०८ गते

समय: ४:०० बजे

उपस्थिति:

१. महानिर्देशक श्री सूर्य प्रसाद पौडेल, कृषि विभाग
२. उप-महानिर्देशक श्री डा. रेवती रमण पौडेल, कृषि विभाग
३. उप-महानिर्देशक श्री तारा कुमार श्रेष्ठ, कृषि विभाग
४. उप-महानिर्देशक श्री मधुसुदन सिंह बस्नेत, " "
५. उप-महानिर्देशक श्री प्रकाश कुमार संजेल, " "
६. व.कृ.प्र.अ. श्री हिक्मत कुमार श्रेष्ठ " "
७. उप-निर्देशक श्री कुन्दन सापकोटा बीमा समिति
८. सहायक निर्देशक श्री श्रद्धा श्रेष्ठ, " "
९. बा.ग.वि.अ. श्री प्रमिला वाग्ले, कृषि विभाग
१०. कृ.प्र.अ. श्री शालिकराम पौडेल, " "
११. लेखा प्रमुख श्री गिरिराज रेग्मी, " "
१२. वरिष्ठ अर्थविज्ञ श्री डा. महादेव प्रसाद पौडेल, " "
१३. प्रा.स. श्री रघुनाथ घिमिरे " "

निर्णयहरु

१ बीमा समितिले बीमा कम्पनीहरुबाट प्राप्त बाली बीमाको विवरण अनुसार २०७५/०७६ को पहिलो चौमासिक अवधिको ७५% प्रिमियम अनुदानको रकम भुक्तानीका लागि कृषि विभागलाई नाम नामेसी सहितको विवरण उपलब्ध गराउने निर्णय गरियो ।

२ बीमा समितिले बीमा कम्पनीहरुबाट प्राप्त विवरण प्रत्येक महिनाको १५ गते भित्र बाली अनुसारको विवरण अद्यावधिक गरी कृषि विभागलाई उपलब्ध गराउने निर्णय गरियो ।

३ बाली तथा पशुधन बीमा निर्देशिका २०७०, दोस्रो शंशोधन २०७५ का लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई आवश्यक सहयोग तथा समन्वयकालागि अनुरोध गर्ने निर्णय गरियो ।

४ बाली बीमा कार्यक्रममा आम कृषकहरुको पहुँच बढाउनका लागि प्रदेश सरकार तथा स्थानीय तह संग समन्वय गरी आगामी आ.व. २०७६/०७७ को कार्यक्रममा अनुदान कार्यक्रम, अभिमुखीकरण / सचेतना, बीमा गराउने प्राविधिकहरुको क्षमता विकास आदि कार्यक्रमहरु समावेश गर्न पहल गर्ने निर्णय गरियो ।

कृषि विभागले दोस्रो चौमासिकमा प्रकाशन गर्ने बीमा सम्बन्धी पुस्तिका प्रकाशनका लागि बीमा समिति संग समन्वय गरी तयार गर्ने निर्णय गरियो ।